बैठक संख्या :- १४

आज मिति २०८०/०१/३० गते शनिबारको दिन बिहान ०९:०० बजे जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख श्री मनोज कुमार साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बसेको बैठकमा देहाय बमोजिमको नगर कार्यपालिकाको पदाधिकारी ज्यूहरूको उपस्थिति रहियो ।

उपस्थिति :

| क्र.सं. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मनोज कुमार साह | नगरप्रमुख | |
| २ | श्री किशोरी साह | नगर उपप्रमुख | |
| ३ | श्री दिप नरायण यादव | वडाअध्यक्ष, वडा नं.१ | |
| ४ | श्री शिव कुमार साह | वडाअध्यक्ष, वडा नं.२ | |
| ५ | श्री दिपेन्द्र कुमार साह | वडाअध्यक्ष, वडा नं.३ | |
| ६ | श्री पं. सुरेस झा | वडाअध्यक्ष, वडा नं.४ | |
| ७ | श्री बेचन साहु हलुवाई | वडाअध्यक्ष, वडा नं.५ | |
| ८ | श्री दिनेस प्रसाद साह | वडाअध्यक्ष, वडा नं.६ | |
| ९ | श्री निरज कुमार साह (मुन्ना) | वडाअध्यक्ष, वडा नं.७ | |
| १० | श्री दिनेश कुमार सिंह | वडाअध्यक्ष, वडा नं.८ | |
| ११ | श्री प्रमेश्वर साह | वडाअध्यक्ष, वडा नं.९ | |
| १२ | श्री मिथिलेश कुमार कर्ण | वडाअध्यक्ष, वडा नं.१० | |
| १३ | श्री शिला कुमारी देवी | का.वा.वडाअध्यक्ष,वडा नं.११ | |
| १४ | श्री महेन्द्र साह | वडाअध्यक्ष, वडा नं.१२ | |
| १५ | श्री जित बहादुर राउत | वडाअध्यक्ष, वडा नं.१३ | |

| | | | |
|---|---|---|---|
| १६ | श्री पुण्य प्रताप यादव | वडाअध्यक्ष, वडा नं.१४ | [signature] |
| १७ | श्री सन्तोष कुमार साह | वडाअध्यक्ष, वडा नं.१५ | सँतोष |
| १८ | श्री रामचन्द्र पंजियार | वडाअध्यक्ष, वडा नं.१६ | [signature] |
| १९ | श्री रामबृक्ष यादव | वडाअध्यक्ष, वडा नं.१७ | [signature] |
| २० | श्री लक्ष्मेश्वर मण्डल | वडाअध्यक्ष, वडा नं.१८ | [signature] |
| २१ | श्री बिनोद कुमार साह | वडाअध्यक्ष, वडा नं.१९ | [signature] |
| २२ | श्री मोति राइन | वडाअध्यक्ष, वडा नं.२० | मोती |
| २३ | श्री राजनारायण साह | वडाअध्यक्ष, वडा नं.२१ | [signature] |
| २४ | श्री बिमलेश मिश्र | वडाअध्यक्ष, वडा नं.२२ | बिमलेश मिश्र |
| २५ | श्री राघबेन्द्र प्रसाद साह | वडाअध्यक्ष, वडा नं.२३ | |
| २६ | श्री उपेन्द्र सहनी | वडाअध्यक्ष, वडा नं.२४ | [signature] |
| २७ | श्री चन्देश्वर साह | वडाअध्यक्ष, वडा नं.२५ | [signature] |
| २८ | श्रीमती शैल कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | [signature] |
| २९ | श्रीमती शारदा देवी पन्त | नगर कार्यपालिका सदस्य | [signature] |
| ३० | श्रीमती मनिषा देवी | नगर कार्यपालिका सदस्य | [signature] |
| ३१ | श्रीमती फुल कुमारी देवी | नगर कार्यपालिका सदस्य | |
| ३२ | श्रीमती सन्जु देवी दास | नगर कार्यपालिका सदस्य | [signature] |
| ३३ | श्री राकेश विक्रम साह | नगर कार्यपालिका सदस्य | [signature] |
| ३४ | श्री दिपेन्द्र कुमार साह | नगर कार्यपालिका सदस्य | [signature] |
| ३५ | श्री सन्तोष महतो | नगर कार्यपालिका सदस्य | [signature] |
| ३६ | श्री रत्नेश शशि | सदस्य सचिव(प्र.प्र.अ.) | [signature] |

## कार्य सूची तथा प्रस्तावहरु:

१.अघिल्लो कार्यपालिकाको वैठकको निर्णय कार्यान्वयनको अवस्था सम्वन्धमा ।
२.वहुउद्देश्य व्यावसायिक भवनको म्याद थप सम्वन्धमा ।
३.बर्थिङ्ग सेन्टर कुर्थाको कर्मचारीहरुको तलव भत्ता सम्वन्धमा ।
४.भगिनी सम्वन्धमा ।
५.Electronic Building Permit System(विद्युतिय नक्शा पास सम्वन्धमा ।
६.ग्यारेज निर्माण सम्वन्धमा ।
७.विविध ।

## निर्णयहरु:-

निर्णय नं. १:

अघिल्लो नगर कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन भईरहेको व्यहोरा सम्पूर्णमा जानकारी गराईयो तथा कार्यप्रगति सन्तोषजनक रहेको देखियो।

निर्णय नं. २:

जनकपुरधाम उपमहानगरपालिकाको सार्वजनिक सेवा प्रवाह भवनको म्याद थप सम्वन्धमा यस उपमहानगरपालिकाको कार्यालयको मिति २०७९ कार्तिक २८ गते अग्रिम भुक्तानी जमानत बापतको रकम यस उपमहानगरपालिकाको आन्तरिक राजस्व खातामा दाखिला गर्न पत्राचार गरिएकोमा कृषि विकास वैंक, शाखा कार्यालय जलेश्वरले हाल सम्म सो रकम दाखिला नगरेको देखिएकोले अग्रिम भुक्तानी जमानत वापतको रकम दाखिला गराए पश्चात मात्र म्याद थपको लागि कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:

यस जनकपुरधाम उपमहानगरपालिका, नगर कार्यपालिकाका नवौं नगर सभाबाट विनियोजित कुर्था स्वास्थ्य वर्थिङ सेन्टरमा कार्यरत कर्मचारीहरुको लागि रकम रु.१५,००,०००- विनियोजित मध्येबाट अ.न.मी. श्री रंजना कुमारी र स्वीपर श्री प्रमिला देवी महरालाई आ.व. ०७९/८० श्रावण देखि पुष सम्म २७ जनालाई सुत्केरी सेवा दिए बापत निजहरुलाई जिल्ला दररेट अनुसार २०८० असार मसान्त सम्म पारिश्रमिक भुक्तानी दिने र आगामी नगर सभाबाट अनुमोदन हुने गरी तलब भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८०।०१।१५ च.नं. २५४ अनुसार यस जनकपुरधाम उपमहानगरपालिकाको भारतको अयोध्या शहर संग भगिनि सम्बन्ध November 2020 मा म्याद सकिएकोले सो सम्बन्ध सन् December 2030 सम्म नविकरण गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:

जनकपुरधाम उपमहानगरपालिकाले अब उपरान्त विद्युतिय भवन निर्माण अनुमति प्रणाली (Electronic Building Permit System -EBPS) लागु गरी जग्गाघर नक्सा पास गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

वडा नं.१ स्थित गुठी संस्थानको जग्गामा ग्यारेज निर्माणको लागि तिव्र गतिमा जग्गामा लिजमा लिने कार्य अन्तिम चरणमा रहेकाले सोही स्थान "बाउण्ड्री वाल, ग्यारेज लगायत अन्य संरचना निर्माण गर्ने" कार्यलाई बहुवर्षिय कायम गरी सो को अनुमोदन आगामी नगरसभाबाट अनुमोदन हुने गरी निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ७ विविध निर्णयहरु.

क. श्री जनता माध्यमिक विद्यालय, जनकपुरधाम उपमहानगरपालिका-१९, शिवपुर राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत दुई कोठे पक्कि भवन, श्री संकट मोचन देवशरण रामरती मा.वि. निर्माण गरेको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत चार कोठे पक्कि भवन निर्माण तथा श्री सरस्वती मा.वि. कनकपट्टीले निर्माण गरेको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत चार कोठे पक्कि भवन निर्माण भइसकेकोले २०८० जेठ १५ गते सम्म म्याद थप गरी निर्णय गरियो ।

ख. यस जनकपुरधाम, उप-महानगरपालिकाको नवौं नगर सभाबाट संसोधित स्वीकृत वडा न.१८ को वडा स्तरीय कार्यक्रम "मनफुल मुखियाको घर देखि राम चरण मुखियाको घर सम्म सडक निर्माण कार्य" हुनु पर्नेमा भुलवस "राम सुन्दर ठाकुरको घर देखि बिन्दे ठाकुर हजामको घर हुदै लक्ष्मण ठाकुरको घर सम्मको सडक निर्माण कार्य" गर्ने र योजना आगामी नगरसभाबाट अनुमोदन हुने गरी संसोधन गर्ने निर्णय गरियो ।

ग. यस उपमहानगरपालिकाको मिति २०७९।१०।०३ को निर्देशन पत्र च.नं. ३४९६ को पत्र कार्यान्वयन नगर्न र मिति २०७९।१२।२७ को निर्णयानुसार श्री संकटमोचन देवशरण रामरती मा.वि.,जनकपुरधाम -४ मा भौतिक शास्त्र विषयमा (उ.मा.शि.) तहमा करारमा कार्यरत्त शिक्षक उमेश कुमार सहनीलाई साविककै मिति देखि लागु हाजरी गराई कामकाजमा लगाउने निर्णय गरियो ।

घ. यस आर्थिक वर्षको योजना तथा कार्यक्रमको कार्यादेश दिने अन्तिम मिति २०८० जेठ 16 सम्म कायम गर्ने निर्णय भयो ।

ङ. यस उपमहानगरपालिकाको नगर प्रमूखज्यूबाट छपाई सम्बन्धी मिति २०७९।०७।२०को निर्णयानुसारको विनियोजित बजेटको उपशिर्षक (Breakdown) विभाजनलाई यस कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

च. पदाधिकारी भ्रमण खर्च शिर्षकबाट खर्च व्योहोर्ने गरी नगर सभा सदस्यहरुलाई विभिन्न स्थानीय निकायमा स्थलगत अध्ययन तथा सिकाईको लागि भ्रमणमा पठाउने निर्णय गरियो ।

छ. यस जनकपुरधाम उप-महानगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत वडा नं. १ को नगर स्तरीय योजना वडा नं. १ मा बेंगा जाने बाटो छेउमा बजार व्यवस्थापनको लागि निर्माण कार्य (धनुषा पथ) मा कार्य गर्न कठिनाई भएकोले सो योजनाको नाम "सिता चोकमा रहेको तरकारी बजार व्यवस्थापन कार्य" गर्ने र योजना आगामी नगरसभाबाट अनुमोदन हुने गरी संसोधन गर्ने निर्णय गरियो ।

ज. यस जनकपुरधाम उपमहानगरपालिकाको नवौं नगरसभा बाट स्वीकृत वडा स्तरीय योजना "गणेश पंडितको इनार भएको ठाँउमा पार्क निर्माण कार्यका" लागि रु.२,००,०००/- स्वीकृत भएको र प्रदेश सरकारबाट पनि ज.उ.म.न.पा. वार्ड २१ कुर्था चाँदनी चौकमा पार्क टावर निर्माण कार्यका लागि रू.१०,००,०००/- रकम स्वीकृत भइसकेकोले उक्त पार्क टावर प्रदेश सरकारको रकम बाट निर्माण गरि तथा यस पालिकाबाट स्वीकृत रकमको कृषकहरुको लागि "वडाको विभिन्न कृषि बाटोमा ह्युम पाईप जडान गर्ने कार्य" गर्ने र योजना आगामी नगर सभाबाट अनुमोदन हुने गरी संसोधन गर्ने निर्णय गरियो ।

झ. यस जनकपुरधाम उप-महानगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत वडा नं. ४ को नगर स्तरीय योजना "राम आशिस साहको घरदेखि बजरंग प्रसादको घरसम्म ईन्टरलक बल्क लगाउने कार्य" को

खण्डमा प्रदेश सरकारको समेत योजना रहेकोले सो योजनाको रकम बमोजिमको कार्य "हिरा श्रेष्ठको घरदेखि परशुराम मिश्रको घर सम्म सडक निर्माण" गर्ने र सो योजना आगामी नगरसभाबाट अनुमोदन हुने गरी संसोधन गर्ने निर्णय गरियो ।

ञ. यस जनकपुरधाम उप-महानगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत वडा नं. १६ को नगर स्तरीय योजना "जोगिन्द्र ठाकुरको घरदेखि नयाँ पुल सम्मको सडक निर्माण गर्ने कार्य" अन्य निकायबाट सम्पन्न भईसकेकोले सो योजनाको रकम बमोजिमको कार्य रविना खातुनको घरदेखि दिपेन्द्र यादवको घरसम्म थप सडक निर्माण" गर्ने र सो योजना आगामी नगरसभाबाट अनुमोदन हुने गरी संसोधन गर्ने निर्णय गरियो ।

ट. आ.व.२०७०/०७१ मा यस ज.उ.म.न.पा. कार्यालयबाट वडा १५ मा रहेको फेकन कुमहारको घरदेखि युगल पंजियारको घरहुदै रामवृक्ष साह र राम जी साहको घरसम्मको सडकमा नाला निर्माण गर्ने कार्यलाई प्राविधिकबाट मूल्यांकन गराई पे.फ.गर्ने निर्णय गरियो ।

ठ. यस जनकपुरधाम उप-महानगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत "कार्यपालिका तथा नगर सभा बैठक कक्षको Centralized AC खरिद" रहेकोमा सो योजनाको रकम बमोजिमको कार्य "कार्यपालिका तथा नगर सभा बैठक कक्षमा AC जडान" गर्ने र सो योजना आगामी नगरसभाबाट अनुमोदन हुने गरी संसोधन गर्ने निर्णय गरियो ।